मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पश्चिम क्षेत्र पुल चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २७ गते बुधबार ❑ 10 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा-भरतपुर-लुम्बिनीबीच पर्यटन प्रवर्द्धनका लागि 'सिल्भर ट्रयाङ्गल' समझदारी

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पर्यटनको राजधानी पोखरा महानगरपालिका, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको भरतपुर महानगरपालिका र भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच पर्यटन प्रवर्द्धनको साझा उद्देश्यसहित 'सिल्भर ट्राइङ गल' अवधारणामा त्रिपक्षीय समझदारी भएको छ ।

पोखरामा मंगलबार आयोजित कार्यक्रममा देशका तीन प्रमुख पर्यटकीय तथा धार्मिक गन्तव्यका बीचमा पर्यटन क्षेत्रको दिगो विकास, सांस्कृतिक संरक्षण तथा प्रवर्द्धन तथा राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा संयुक्त रूपमा प्रवर्द्धन गर्नेगरी समझदारी पत्रमा हस्ताक्षर गरिएको हो ।

सो समझदारी-पत्रमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारी तथा लुम्बिनी सांस्कृतिक



नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले हस्ताक्षर गर्नुभएको छ ।

समझदारीअनुसार तीन वटै स्थानीय तहले संयुक्त रूपमा पर्यटन ब्रान्डिङ, एकीकृत पर्यटन प्याकेज विकास, वार्षिक ट्राभल मार्ट आयोजना तथा अन्तरप्रदेशीय पर्यटन ' कनेक्टिभिटी' विस्तारमा सहकार्य गर्ने उल्लेख छ। यसैगरी तीनै गन्तव्यलाई समेट्ने गरी एकीकृत पर्यटन प्याकेज विकास गर्ने विषयसमेत समेटिएको छ ।

समझदारीअनुसार प्रत्येक वर्ष पालैपालो रूपमा 'सिल्भर ट्राइङ गल पर्यटन मेला (ट्राभल मार्ट)' आयोजनागर्ने,आवश्यकताअनुसार व्यवसायदेखि-व्यवसाय(बीटूबी) तथा सरकारदेखि-सरकार (जीटूजी) बैठक सञ्चालन गर्ने र संयुक्त रूपमा पर्यटन प्रवर्द्धन तथा बजार विस्तार अभियान सञ्चालन गर्ने विषय समेटिएको छ । प्रत्येक महानगर तथा नगरपालिकाले आफ्नो वार्षिक नीति कार्यक्रम तथा बजेटमा सिल्भर ट्रयाङ्गलको प्रवर्द्धन र विकासलाई समावेश गर्ने, सिल्भर ट्रयाङ्गल सहकार्यको नेतृत्व प्रत्येक वर्ष पालैपालो प्रणालीमा तीनै स्थानीय तहले गर्ने उल्लेख छ ।

यसैगरी तीनै गन्तव्यको प्रचारका लागि संयुक्त ब्रोसर, भिडियो तथा डिजिटल सामग्री उत्पादन र वितरण गर्ने तथा प्रत्येक सहरमा अन्य दुई सहरका प्रमुख पर्यटकीय गन्तव्यबारे जानकारी दिने डिजिटल सूचना बोर्ड स्थापना गर्ने योजना पनि रहेको छ । पर्यटन व्यवसायी, होटल, ट्राभल एजेन्सी तथा स्थानीय समुदायबीच सहकार्य र सञ्जाल विस्तार गर्ने, सांस्कृतिक, शैक्षिक तथा पर्यटन आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने र पर्यटन प्रवर्द्धनका लागि स्थानीय, प्रदेश तथा सङ्घीय सरकार, नेपाल पर्यटन बोर्ड तथा विकास साझेदार संस्थासँग संयुक्त समन्वय गर्ने विषय पनि समावेश गरिएको छ ।

पोखरा महानगर प्रमुख धनराज आचार्यले समझदारीबाट तीन वटै पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकासमा सहयोग पुग्ने बताउनुभयो । "पोखरा, भरतपुर र लुम्बिनी देशका प्रमुख पर्यटकीय गन्तव्य हुन् । यी गन्तव्यहरूलाई एउटै पर्यटन सर्किटमा जोडेर आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने र पर्यटकको बसाइ अवधि बढाउने उद्देश्यले यो अवधारणा अघि सारिएको हो", आचार्यले भन्नुभयो ।

## प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई कास्कीमा बिदाई

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ



कास्कीबाट सरुवा भई धनकुटा जिल्लाको प्रमुख जिल्ला अधिकारीका रूपमा जान लाग्नुभएकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई सोमबार पोखरामा विभिन्न संघसंस्था तथा नागरिक समाजले सम्मानसहित विदाई गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीको सभाहलमा आयोजित "विदाई तथा फेरि भेटौँला" कार्यक्रममा कर्मचारी मिलन केन्द्र कास्की, नागरिक समाज कास्की, पोखरा महानगरपालिका, पत्रकार महासंघ गण्डकी, पोखरा महानगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष रुद्रनाथ बराल, पोखरा ७ का वडाध्यक्ष राममोहन आचार्य, नेपाल रेडक्रस सोसाइटी तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा वक्ताहरूले शर्माले कास्कीमा कार्यरत रहँदा शान्ति सुरक्षा, सुशासन, विपद् व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जिल्लामा सकारात्मक छवि निर्माण गरेको उल्लेख गरेका थिए । सहभागीहरूले उहाँको समन्वयकारी नेतृत्व, कार्यकुशलता र नागरिकमैत्री प्रशासनको प्रशंसा गर्दै धनकुटामा समेत सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले शुभकामना सन्देश दिँदै कास्कीमा रहँदा जिल्ला प्रशासन कार्यालय र महानगरपालिकाबीच उत्कृष्ट सहकार्य कायम भएको उल्लेख गरे। उनले उक्त सहकार्यले नागरिकका अपेक्षा सम्बोधन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताउँदै आगामी जिम्मेवारीमा समेत सफलताको शुभकामना व्यक्त गरे । यसैबीच, नागरिक समाज कास्की तथा वातावरण संरक्षणका लागि महाअभियान कास्कीले प्रमुख जिल्ला अधिकारी शर्मालाई कदरपत्रसहित सम्मान गरेका छन् । वातावरण तथा सम्पदा संरक्षण, सुशासन प्रवर्द्धन र सार्वजनिक सरोकारका विषयमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै महाअभियानका संयोजक रामबहादुर पौडेल र नागरिक समाज कास्कीका संयोजक नरेन्द्रमान लालचनले संयुक्त रूपमा सम्मान गरेका हुन् ।कार्यक्रममा सहभागी सामाजिक अभियन्ता, जनप्रतिनिधि, सञ्चारकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले शर्माको आगामी यात्रा सफल र उपलब्धिमूलक रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दै "फेरि भेटौँला" भन्दै विदाई गरेका थिए ।

## पोखरा महानगर र जग्गाधनीबीच बसपार्क निर्माण गर्ने सहमति जुट्यो

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पोखरा महानगरपालिका र पोखरा बसपार्कको उत्तरी क्षेत्रमा रहेको पेट्रोलपम्प लाइनका जग्गाधनीहरूबीच बसपार्क निर्माणका लागि सहमति जुटेको छ ।

महानगरले सो क्षेत्रका संरचना हटाउने तयारी गरेपछि जग्गाधनीहरूले उच्च अदालतमा महानगरविरुद्ध रिट निवेदन दिएका थिए । सो रिटउपर छलफलका लागि अदालतले जेठ २६ गते दुवै पक्षलाई बोलाएको थियो । यसअघि अदालतले संरचना नहटाउनका लागि अल्पकालीन आदेश दिएर छलफलमा बोलाएको दिनअघि नै महानगर र जग्गाधनीबीच सहमति जुटेको हो । महानगर प्रमुख धनराज आचार्यले उक्त क्षेत्रका जग्गाधनीहरूले महानगरपालिकाविरुद्ध उच्च अदालतमा दायर गरेको रिट निवेदन सम्पूर्ण निवेदकहरूको तर्फबाट फिर्ता लिने सहमति भएको बताउनुभयो । "जग्गाधनीका तर्फबाट अदालतमा दायर गरिएको रिट फिर्ता लिएर बसपार्क निर्माणकार्यलाई सहजीकरण गर्न दुवै पक्षले आवश्यक सहयोग गर्ने समझदारी जुटेको छ", प्रमुख आचार्यले भन्नुभयो ।

सहमतिअनुसार भविष्यमा निर्माण गरिने संरचनाहरू महानगरपालिकाले तोकेको मापदण्डबमोजिम निर्माण गरिनेछ । त्यसैगरी, हाल सञ्चालनमा रहेका सटर तथा कवलहरू जेठ २५ गतेको मितिले सात दिनभित्र पूर्ण रूपमा हटाउने सहमति पनि भएको महानगरपालिकाले जनाएको छ।

महानगरले प्रस्तावित बसपार्क क्षेत्रका बनेका संरचनाहरू हटाउनका लागि पटकपटक सूचना जारी गरेको छ । विसं २०३२ मा बसपार्कका लागि अधिग्रहण गरिएको २०५ रोपनी जमिन अहिले २६ रोपनीमा खुम्चिएको छ ।

आधा शताब्दीदेखि विभिन्न कारणले रोकिँदै आएको सुविधासम्पन्न पोखरा बसपार्क निर्माणको कार्यलाई सहमतिमा नै अघि बढाउने महानगरले जनाएको छ । महानगरले पछिल्लो समय बसपार्क संरचना हटाउनका लागि हिजोसम्मको समय दिएको थियो । यसबीचमा कतिपय जग्गाधनी र भाडामा लगाइएका सटरहरू खाली भएका छन् । बसपार्कमा रहेका सुकुम्बासी र भूमिहीनहरू भने वैकल्पिक व्यवस्थापछि मात्र आफ्ना संरचना खाली गर्ने बसपार्क सरोकार समितिका संयोजक प्रेमबहादुर गुरुङले बताउनुभयो । महानगरले बसपार्कको जग्गामा बसोबास गरिरहेका सुकुम्बासीको व्यवस्थापनका लागि जमिन खोजी समितिको सिफारिसका आधारमा 'जमिन प्लट' मिलान तथा अन्य पूर्वाधार अध्ययनका लागि समिति गठन गरेको छ ।

"बसपार्क क्षेत्रमा सुकुम्बासी बसोबासीहरूको व्यवस्थापनका लागि यसअघि गठित जग्गा व्यवस्थापन (खोजी) समितिले सिफारिस गरेका जग्गाहरूमध्ये उपयुक्त ठहरिएका जग्गामा आवश्यक प्राविधिक कार्य सम्पन्न गर्न समिति गठन गरिएको हो । समितिलाई सिफारिस भएका जग्गाहरूको नापजाँच गरी तोकिएको क्षेत्रफलअनुसार कित्ता छुट्याउने तथा कति परिवारलाई व्यवस्थित रूपमा बसोबास गराउन सकिन्छ भन्ने विषयमा स्थलगत अध्ययन र विश्लेषण गरी सात दिनभित्र राय सुझावसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ", महानगर प्रमुख आचार्यले भन्नुभयो ।

## बेगनासतालमा छैटौं डुंगा दौड प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

बेगनासताल डुंगा व्यवसायी समितिको आयोजनामा यहि जेठ २७ गते लेखनाथको बेगनासतालमा छैटौं संस्करणको पुरुष तथा महिलातर्फ खुला डुंगा दौड प्रतियोगिता हुने भएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बेगनासतालबारे प्रचारप्रसार गर्ने, तालमा हुन सक्ने भवितव्य घटनाबारे सचेतनामूलक जानकारी दिने, बेगनासतालको महत्व बुझाउन तथा खेलको माध्यमबाट आन्तरिक पर्यटक भित्र्याउँदै यहाँको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागिएको आयोजक बेगनासताल डुंगा व्यवसायी समितिका अध्यक्ष नवराज बाँस्तोलाले जानकारी दिए । अध्यक्ष बाँस्तोलाका अनुसार पुरुषतर्फ बेगनासताल डुंगाघाटबाट रातोढुंगा र कँडेलढुंगाको बिच भाग सम्म २ किमी दूरीमा तथा महिलातर्फ बेगनासताल डुंगाघाटबाट पिप्लेटुंडासम्म १ किमी दुरीमा प्रतिस्पर्धा गराइने छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धनमा हुने डुंगा दौड प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फ प्रथमले १५ हजार, द्वितीयले १० हजार, तृतीयले ५ हजार तथा सान्त्वनाले ३ हजार सहित प्रमाणपत्र र पुरस्कार प्राप्त गर्ने निर्णायक समितिका संयोजक एवं समितिका निवर्तमान अध्यक्ष रबिराज कँडेलले जानकारी दिए । प्रतियोगितामा पुरुष र महिलातर्फ गरि २२ टिमको सहभागिता रहने आयोजकको अपेक्षा छ । प्रत्येक टिममा तीनजना डुंगा चालक रहने छन् । प्रतियोगिता सफल पार्न बेगनासताल डुंगा व्यवसायी समितिका अध्यक्ष नवराज बाँस्तोलाको अध्यक्षतामा मूल आयोजक समिति गठन गरि तयारी तिव्र पारिएको छ । प्रतियोगितामा सहभागी हुनको लागि टिम दर्ता निशुल्क गरिएको र प्रतियोगिता सम्पन्न गर्नको लागि करिब ५ लाख ५० हजार खर्चको अनुमान गरिएको आयोजकले जनाएको छ ।



# अतिक्रमित संरचना हटाइयो

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

सरकारी जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाइएपछि पोखरा महानगरपालिका-९ पृथ्वीचोकदेखि हङकङ बजार, ट्राफिक प्रहरी कार्यालय हुँदै नयाँबजार जोड्ने सडक चौडा भएको छ।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरेर विभिन्न सङ्घसंस्थाले निर्माण गरेका भवनमा यही जेठ १८ गते महानगरपालिकाले डोजर चलाएको थियो।

हङकङ बजारको पूर्वपट्टी रहेका संरचना भत्काइपछि सो क्षेत्रको सडक खुला र फराकिलो बनेको हो । महानगर प्रमुख धनराज आचार्यले उक्त सडकलाई दुई लेनमा विस्तार तथा स्तरोन्नति गरिने बताउनुभयो । उक्त सडक निर्माणपछि पृथ्वीचोकको ट्राफिक व्यवस्थापन सहज हुने उहाँको भनाइ छ। महानगरले पूर्वसूचना गरेर त्यस क्षेत्रमा बनेका अनधिकृत संरचना हटाएको थियो। विभिन्न दलगत सङ्गठनदेखि विभिन्न सामाजिक सङ्घसंस्थाले उक्त सरकारी जग्गामा भवन बनाई वर्षौंदेखि भाडासमेत असुल्दै आएका थिए । महानगरले अतिक्रमित संरचना हटाउने पूर्वसूचना गरेपछि सङ्घसंस्था र व्यवसायीले भवन तथा सटर आफै खाली गरेका थिए।

पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले दुई लेन सडक निर्माणका लागि बजेटसमेत सुनिश्चित भइसकेको बताउनुभयो । सडक मापदण्डभित्रका अस्थायी संरचना हटाउन खाद्य संस्थान र नेशनल ट्रेडिङलाईसमेत पत्रचार गरिसकिएको उहाँको भनाइ छ । “उपत्यका नगर विकास समितिको जग्गा खाली भइसकेको छ, सडक मापदण्ड अनुसार रेखाङ्कन पनि भइसकेको छ”, वडाध्यक्ष मर्सानीले भन्नुभयो, “त्यहाँ रहेका अन्य सरकारी कार्यालयहरूलाई पनि सडक मापदण्ड कायम गराउन महानगरबाट पत्राचार गरिएको छ।” उक्त सडक बनेपछि पृथ्वीचोक र बसपार्क क्षेत्रको सवारी चाप कम हुनुका साथै ट्राफिक व्यवस्थापनमा सहजता हुने उहाँले बताउनुभयो । अव्यवस्थित भवन र साँघुरो सडकका कारण त्यस क्षेत्रको आवागमन प्रभावित हुँदै आएको थियो। वडाध्यक्ष मर्सानीले बसपार्क क्षेत्रका अनधिकृत संरचना पनि हटाउन प्रकृया सुरु भइसकेको बताउनुभयो । सडक मापदण्ड कायम गर्न प्राविधिक नापजाँचसमेत भइसकेको उहाँको भनाइ छ । बसपार्कको जग्गा मिचेर बनाइएका पसल कबललगायत सबै संरचना हटाउन महानगरपालिका र पोखरा उपत्यका नगर विकास समितिले यसअघि नै सार्वजनिक सूचना जारी गरिसकेको छ।

नगर विकास समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रकृयामा सघाउन सूचित गरेको हो । नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गामा स्थानीयवासी, सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरू रहेका छन् । आधुनिक सुविधासम्पन्न बसपार्क बनाउन विसं २०३२ मा दुई सय पाँच रोपनी जग्गा अधिग्रहण गरिएको थियो । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा पर्दै गएर अहिले करिब ६० रोपनी क्षेत्रफल मात्र बाँकी छ।

बसपार्कको अतिक्रमित जग्गा खाली गराई प्रास्तावित आधुनिक पोखरा बसपार्क निर्माणको प्रकृयालाई अगाडि बढाउने महानगरको योजना छ। भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका नाममा झण्डै पाँच सय परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बसेको महानगरले जनाएको छ । वास्तविक सुकुम्बासीलाई उचित व्यवस्थापन गरी अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाइने महानगर प्रमुख आचार्यले बताउनुभयो।

# पोखरामा खेल सप्ताह आयोजना हुँदै, राष्ट्रियदेखि ग्रासरुट तहसम्मका खेल समावेश

पोखरापत्र संवाददाता
पोखरा, २६ जेठ

पोखरा महानगरपालिका खेलकुद विकास समितिले ‘खेल सप्ताह’ आयोजना गर्ने भएको छ । खेलकुद गतिविधिलाई थप व्यवस्थित, समावेशी र प्रतिभामुखी बनाउने उद्देश्यसहित यहीं जेठ ३० गतेदेखि ‘खेल सप्ताह’ आयोजना गर्ने लागिएको हो।

समितिले राष्ट्रिय तथा ग्रासरुट तहका विभिन्न खेल समेटेर सप्ताहव्यापी कार्यक्रम सञ्चालन गर्न लागेको जनाएको छ। खेल सप्ताह आगामी असार




५ गते सम्म सञ्चालन हुनेछ।

पोखरा महानगरपालिका खेलकुद विकास समिति अध्यक्ष दीपक गोदारका अनुसार खेल सप्ताहमा कुल सात वटा खेल समावेश गरिएका छन् । तीमध्ये दुई वटा राष्ट्रियस्तरका र पाँच वटा ग्रासरुट तहका प्रतियोगिता रहनेछन् । राष्ट्रिय स्तरमा मुवाथाई र साइकलिङ प्रतियोगिता आयोजना गरिनेछ भने जुडो, हक्की, फुल कन्ट्याक्ट कराते, टेबलटेनिस लगायतका खेल ग्रासरुट तहमा सञ्चालन गरिनेछन्।

अध्यक्ष गोदारले ग्रासरुट तहका खेल प्रतियोगितामार्फत नयाँ खेलाडीको प्रतिभा पहिचान तथा विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरे । उनका अनुसार स्थानीय स्तरमै रहेका सम्भावनायुक्त खेलाडीलाई अवसर प्रदान गर्दै भविष्यका राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिताहरू आयोजना गर्न लागिएको हो।

समितिका सदस्य सचिव सुरज अधिकारीले खेल सप्ताहलाई सफल बनाउन तयारी तीव्र पारिएको जानकारी दिए । उनका अनुसार खेल सप्ताहको अवसरमा मार्सल आर्ट फेस्टिभलसहित अन्य खेलसम्बन्धी कार्यक्रमहरू आयोजना गरिनेछन्। तयारीका क्रममा मंगलबार बसेको बैठकले विभिन्न समिति तथा उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँट गरेको छ । आवश्यक व्यवस्थापन, प्राविधिक समन्वय, खेल सञ्चालन तथा प्रचारप्रसारका कामलाई प्रभावकारी बनाउन समितिले तयारीलाई तीव्रता दिएको जनाएको छ । सदस्य सचिव अधिकारीका अनुसार चालु वर्षमा राष्ट्रपति रनिङशिल्डसहित महानगरपालिकाको आयोजना तथा सहजीकरणमा विभिन्न खेलकुद गतिविधि सम्पन्न भए पनि ती कार्यक्रममार्फत समेटिन नसकेका केही खेललाई खेल सप्ताहमा समावेश गरिएको हो। यसले विविध खेल विधालाई प्रवर्द्धन गर्नुका साथै खेलाडीलाई प्रतिस्पर्धात्मक अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

खेल सप्ताहले पोखरामा खेल संस्कृतिको विकास, नयाँ प्रतिभाको खोजी तथा विभिन्न खेल संघ-संस्थाबीच समन्वय अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास समितिले लिएको छ । यसका अलावा राष्ट्रिय स्तरका प्रतियोगिताले पोखरालाई खेल पर्यटनको गन्तव्यका रूपमा थप स्थापित गर्न समेत सहयोग पुग्ने अपेक्षा आयोजकले गरेका छन्।




# ओझेलमा परेको स्याङ्जाको नवग्रह मन्दिर : धार्मिक पर्यटनको धेरै सम्भावना

दीननाथ बराल
पोखरा, २६ जेठ

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ स्थित नवग्रह मन्दिर केही समयदेखि धार्मिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। एक समय सामान्य धार्मिक वन क्षेत्रका रूपमा चिनिएको उक्त क्षेत्रमा हाल हजारौं भक्तजन र पर्यटकको गन्तव्य बन्न थालेको छ।

पर्याप्त प्रचारप्रसारको अभावका कारण अझै ओझेलमा रहेको यो मन्दिर धार्मिक पर्यटन प्रवर्द्धनमा कोसेढुंगा सावित हुन सक्ने सम्भावना बोकेको स्थानियले बताउनु भयो। स्याङ्जा जिल्ला को अर्जुनचौपारी गाउँपालिका-१ स्थित धार्मिक वन क्षेत्रमा निर्माण गरिएको नवग्रह मन्दिर समुद्री सतहबाट करिब १,०२४ मिटर उचाइमा रहेको छ । करिब ८ हेक्टर क्षेत्रफलमा फैलिएको परिसरमा निर्माण गरिएको यो मन्दिर नवग्रहको विधिवत पूजा हुने शक्तिपीठका रूपमा परिचित बन्दै गएको छ।

मन्दिर निर्माणसँगै यहाँ धार्मिक पर्यटकको आगमन उल्लेखनीय रूपमा बढ्न थालेको छ । हरेक शनिबार हजारौं भक्तजन दर्शनका लागि पुग्ने गरेका छन् भने विशेष अवसर हरूमा आगन्तुकको संख्या झनै बढ्ने गरेको मन्दिरका पुजारी तीलक देवकोटाले बताउनु भयो। नवग्रह मन्दिर सञ्चालनमा आएपछि मुक्तिनाथ मन्दिर, बागलुङ कालिका मन्दिर र मनकामना मन्दिर जाने धार्मिक पर्यटकहरु नवग्रह मन्दिरमासमेत आउने गरेको उहाँले जनाउनु भयो । अहिले मलमास चलिरहेकाले भक्तजनको आगमनमा कमी आएको बताउँदै उहाँले भन्नुभयो,-“मन्दिर बनेसँगै पर्यटकको संख्या बढ्न थालेको छ, यसले हामीलाई थप उत्साहित बनाएको छ, मलमास सकिएलगत्तै भक्तजनको संख्या बढ्छ भन्ने हामी पूर्ण आशाबादी छौं।”

यस मन्दिरको मुख्य आकर्षण नवभुज संरचनामा निर्माण गरिएको नवग्रह मन्दिर हो। परिसरभित्रः२७ फिट अग्लो नवग्रह मन्दिर, नवभुज स्तम्भ, ग्रह यन्त्र, षट्कोण शिवालय, पञ्चमुखी शिवलिङ्ग, गणेश, लक्ष्मी, कालभैरव, हनुमान, दुर्गा भवानी र कुलदेवताका मूर्तिहरू

१०८ वटा पिपलका बिरुवा, राशि अनुसारका वृक्ष तथा वनस्पति, स्थापना गरिएको छ। नौ वटा भुजायुक्त स्तम्भमा सूर्य, चन्द्र, मंगल, बुध, गुरु, शुक्र, शनि, राहु र केतुका प्रतीक राखिएका छन्। धार्मिक मान्यता र ज्योतिषीय महत्वलाई समेटेर निर्माण गरिएको यो संरचनाले मन्दिरलाई अन्य धार्मिक स्थलभन्दा फरक पहिचान दिएको छ।

पोखराबाट करिब ५२ किलोमिटर दूरीमा रहेको यो मन्दिर पुग्न सहज सडक पहुँच रहेको छ। पोखरा बाट हेलुसम्म सिद्धार्थ राजमार्ग हुदै सार्वजनिक तथा निजी सवारी प्रयोग गर्न सकिन्छ भने त्यहाँबाट करिब ७ किलोमिटर यात्रा गरी मन्दिर पुग्न सकिन्छ । मन्दिर व्यवस्थापन पक्षका अनुसार यहाँ आउने धेरै भक्तजनहरू मुक्तिनाथ मन्दिर, मनकामना मन्दिर तथा बागलुङ कालिका मन्दिर जाने क्रममा समेत दर्शनका लागि आउने गरेका छन्। यसले नवग्रह मन्दिरलाई गण्डकी क्षेत्रको धार्मिक पर्यटन सर्किटमा जोड्ने सम्भावना बलियो बनाएको छ।

नवग्रह मन्दिर दर्शनका क्रममा पर्यटकहरूले कुहिरोको समुद्र, धार्मिक वन क्षेत्र, गुफा तथा आसपासका अन्य धार्मिक स्थलहरूको समेत अवलोकन गर्न सक्छन्। नजिकै रहेका डहरे देउराली, एकानन्द गुफा, रापाकोट कालिका लगायतका गन्तव्यले यस क्षेत्रको पर्यटन सम्भावना अझ बढाएका छन् । त्यसैगरी दरौं सिरुवारी होमस्टे, सतौचण्डी थान, खिलुङ कालिका मन्दिर जस्ता स्थलसँग धार्मिक-पर्यटकीय प्याकेज निर्माण गर्न सकिने सम्भावना देखिएको छ।

अ र्जु न चौ पा री गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले आठ हेक्टर क्षेत्रफलमा धार्मिक वनभित्र निर्माण गरिएको नवग्रह मन्दिर समुन्द्री सतहभन्दा एक हजार २४ मिटरको उचाईमा रहेको जनाउनु भयो । पूर्वाधार निर्माणसँगै धार्मिक पर्यटकको आगमन बढेको गाउँपालिका अध्यक्ष तिवारीले बताउनु भयो। नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेश प्रमुख मणीराज लामिछानेले नवग्रह मन्दिरलाई पर्यटनको गन्तव्यका रुपमा विकास गर्न पर्यटन वोर्डले योजना बनाउने सुनाउनु भयो । त्यहि योजना अन्तर्गत नवग्रह मन्दिरलाई गन्तव्य बनाएर चाँडै अल्ट्रा म्याराथन आयोजना गर्न लागेको उल्लेख गर्नुभयो।

पोखरा पर्यटन परिषदका महासचिव जीवनराज सापकोटाले नवग्रहलाई पर्यटकीय गन्तव्यहरुको सूचीमा सुचिकृत गरिनुपर्ने माग गर्नुभयो । यसले पर्यटकलाई आकर्षित गर्ने बताउँदै उहाँले भन्नुभयो,‘पोखराका विन्ध्यबासिनी, पुम्दीभुम्दीस्थित महादेव मन्दिर, नारायणस्थानसहित मुस्ताङको मुक्तिनाथ, गोरखाको मनकामना र स्याङ्जाको नवग्रह मन्दिरलाई एउटै धार्मिक-पर्यटकीय प्याकेजमा जोडेर अघि बढाउन सकेमा पर्यटन क्षेत्रले थप लाभ लिनसक्छ ।’ नेपाल पर्यटन वोर्डका कार्यक्रम अधिकृत युवराज गुरुङले नवग्रह धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्य हुन सक्ने बताउनु भयो । पूर्वाधार निर्माणपछिको उक्त क्षेत्रलाई अब प्रवर्द्धन गर्न आवश्यक भएको बताउनु भयो।

# नवनियुक्त गृहमन्त्री गुरुङद्वारा पदभार ग्रहण

रासस
काठमाडौं, २६ जेठ

नवनियुक्त गृहमन्त्री सुधन गुरुङले पदभार ग्रहण गर्नुभएको छ । मंगलबार सिंहदरस्थित मन्त्रालयमा पदभार ग्रहण गर्दै उहाँले भन्नुभयो, “अबदेखि कुनै पनि नेपाली नागरिकको अपमान गर्न, चरित्र हत्या गर्न कसैले प्रयास गरेको खण्डमा गृह मन्त्रालय यसमा संवेदनशील भएर लाग्ने छु, मन्त्रालय गम्भीर भएर लाग्ने छ।”

मन्त्री गुरुङले जेनजी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोग भएका मुद्दा फिर्ता गर्न सकिने/नसकिने सम्बन्धमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेस गर्न विशेष कार्यदल गठन गर्ने निर्णय गर्नुभएको छ । त्यस्तै उहाँले विसं २०५८ जेठ १९ गते भएको नारायणहिटी राजदरबार हत्या काण्डका सम्बन्धमा यसअघि भएका अनुसन्धान प्रतिवेदन अध्ययन गरी थप छानबिन प्रक्रिया अगाडि बढाउने निर्णय गर्नुभएको छ।

गृह मन्त्रालय र सुरक्षा निकायबाट संवेदनशील सूचना चुहावटको घटना हुन नदिन सुष्म निगरानी गरी कारबाही गरी सुरक्षा निकायमा सेन्सेटिभ इन्फरमेसन भिजेलिन्स टिम (एसआइभीटी) गठन गर्ने उहाँले बताउनुभयो । उहाँले नेपाल प्रहरीअन्तर्गत रहेको केन्द्रीय अनुसन्धान ब्यूरोलाई थप सशक्त र प्रभावकारी बनाउने र हाल प्रक्रियामा रहेका अनुसन्धानका फाइललाई शीघ्र टुङ्गामा पुऱ्याउन निर्देशन दिने, ब्यूरोमा रहेका जघन्य आर्थिक, सङ्गठित अपराधलगायत गम्भीर प्रकृतिका मुद्दा अनुसन्धान गर्ने ब्यूरोमा मुद्दाको प्रकृति अनुरूप विशिष्टिकृत समूह गठन गर्ने निर्णय गर्नुभएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# बढाउनुछ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि चीनको सिचुवान एयरलाइन्सले पोखरा छेन्दु सिधा उडान संचालनमा आएर नियमित हुन सकेन । केही साता भने नेपाल र चीनका दुवै ठाउँबाट विभिन्न क्षेत्रका व्यक्तिलाई भ्रमण गराउने काम भयो । ती उडान प्रचारात्मक भए । पोखरा महानगरपालिकाले गरेको पहल पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट सिधै उडान हुन सक्छ भन्ने सन्देश थियो । त्यो अभियान सफल पार्न व्यापारीहरूको भ्रमणले मात्र पुग्ने थिएन । पोखराका पर्यटन व्यवसायीले मात्र गरेर पुग्ने अवस्था थिएन । सरकारले नै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै उडान र अवतरण गर्ने वातावरण बनाउनुपर्थ्यो ।

नेपाल नागरिक उड्डयन प्राधिकरण र पर्यटन मन्त्रालयको सकृयता आवश्यक थियो । त्यो हुन नसक्दा पोखरा अन्तर ाष्ट्रिय विमानस्थल बनाउनु नै व्यर्थ हो भन्ने नकारात्मक प्रचार भयो । नेपालीको गन्तव्य अहिले अरब देशहरु परेको छारोजगारीका लागि र व्यापारिक प्रयोजनका लागि पनि। अहिले सुखद समाचार आएको छ । फ्लाई दुबई पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट उडानका लागि अनुमति पाएको छ । उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण सम्पन्न भएपछि फ्लाई दुबईले आगामी २३ सेप्टेम्बरदेखि दैनिक उडान सञ्चालनका लागि अनुमति पाएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले जानकारी दिएका छन।पोखरामा अहिले भारतीय पर्यटक बढी देखिन्छन् । भारतका विभिन्न शहरबाट सिधै उडान हुन सकेमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको महत्त्व अझ बढेर जाने थियो ।

पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै अन्तर्राष्ट्रिय उडानका लागि पहल गरेको छ । चासो र पहल लिएको हुँदा मेयर आचार्यले फ्लाई दुबईको नियमित उडानपछि दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापना हुने र मध्यपूर्व, युरोप, अफ्रिकालगायत विश्वका ३०० भन्दा बढी शहरहरूसँग पोखराको पहुँच विस्तार हुने सामाजिक सञ्जालमार्फत जनाएका छन् । केन्द्र सरकारले सकारात्मक पहल लिए असम्भव छैन । मेयर आचार्यले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित अन्तर्राष्ट्रिय उडानको केन्द्र बनाउन लामो समयदेखि विभिन्न निकायसँग समन्वय र पहल हुँदै आएको उल्लेख गरेका छन् । उनले यो उपलब्धिमा योगदान पुऱ्याउने नेपाल नागरिक उड्डयन प्राधिकरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटनमन्त्री गणेश पौडेल, युनिभर्सल ट्राभल्सका अध्यक्ष पराशर प्रसाई तथा सम्पूर्ण सम्बन्धित पक्षप्रति आभार व्यक्त गरेका छन् ।

प्रारम्भिक चरणमा उडानलाई सफल बनाउन पर्यटन व्यवसायी, पोखरेली नागरिक तथा स्वदेश-विदेशमा रहेका नेपाली समुदायलाई पोखरा-दुबई रुट प्रयोग गर्न सबैले आग्रह गर्नुपर्दछ । यो एउटा सिजनको मात्र होइन निरन्तर प्रचार आवश्यक हुन्छ । पोखराका बारेमा गरिएका नकारात्मक प्रचारको खण्डन पनि आवश्यक छ । जस्ले राम्रो भावनाले कामको शुरुआत गरे उनीहरूलाई निन्दा गर्ने प्रबृत्ति छ । त्यसको पनि उचित तरिकाले खण्डन र सहि कुरा राख्न सकेमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै उडानका लागि जनस्तरबाट दबाब पुग्छ । नियमित यात्रु सहभागिताले यो सेवा दीर्घकालीन रूपमा सञ्चालन हुन सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । त्यो सरकारमा बस्ने र नीति निर्माणमा बस्नेहरुको इमानदार प्रयासबाट सम्भव छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नदी नियन्त्रण योजना लक्ष्यअघि नै सम्पन्न

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ जेठ

बेनी नगरपालिका-४ सिंगा तातोपानीको मसारमा नदी नियन्त्रण योजना लक्ष्यअघि नै सम्पन्न भएको छ ।

म्याग्दी नदीको कटान र बाढीको जोखिममा परेको तातोपानी बस्ती संरक्षणका लागि जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कार्यालय पोखराले ठेक्कामार्फत 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण गरेको हो ।

कार्यालयका इन्जिनियर नरजङ गुरुङले मसारस्थित म्याग्दी नदी किनारमा एक सय दुई मिटर लामो, भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथी ग्याविन पर्खाल निर्माण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार रु तीन करोड ६८ लाख ८६ हजार ४८६ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि आरआरसी/जेमी जेभीसँग विसं २०८२ वैशाख १० मा रु दुई करोड ७१ लाख ८४४ मा सम्झौता भएको थियो । आगामी असार २० गतेसम्मको ठेक्का अवधि भए पनि लक्ष्यभन्दा एक महिनाअगावै योजना सम्पन्न गरिएको निर्माण कम्पनीका प्रतिनिधि रामचन्द्र कार्कीले जानकारी दिनुभयो । गत माघ महिनादेखि निर्माण थालिएकामा इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुत कम्पनीले पाएको जिम्मेवारी समयमै पूरा गरेको उहाँले बताउनुभयो ।

विसं २०७८ मा म्याग्दी नदीमा आएको बाढीले तातोपानीस्थित फापरखेत र मसारमा कटान गरेको थियो । मसारमा दुई वटा घर भत्किएका थिए । योजना सम्पन्न भएपछि नदी कटानको जोखिममा रहेको फापरखेतमा रहेको सरस्वती मावि, ज्वालामाई भगवती आमा समूहको भवन र मसारको १७ घरपरिवार लाभान्वित भएका छन् । करिब एक सय परिवारको बसोबास रहेको उपल्लो तातोपानी बजार पनि म्याग्दी नदीको कटानको जोखिममा छ । यसअघि ग्यावियन पर्खाल निर्माण गरेर नदी नियन्त्रण गर्दै आएकामा गत वर्षदेखि पक्की पर्खाल निर्माण गर्न थालिएको वडाध्यक्ष अणबहादुर खड्काले बताउनुभयो ।

गत वर्ष सङ्घीय सरकारको बजेट सहयोगमा सरस्वती माविको पछाडि ६६ मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल निर्माण गरिएको थियो । यस्तै, प्रदेश सरकारको सहयोगमा उपल्लो तातोपानी बजार पछाडि ४० मिटर लामो पलम, शेयर र ग्यावियन पर्खाल निर्माण गरिएको थियो । यसपालि प्रदेश सरकारले विनियोजन गरेको रु २० लाख बजेटबाट पनि सोही क्षेत्रमा थप संरचना निर्माण गरिएको छ । प्राकृतिक उपचारस्थलको रूपमा परिचित तातोपानी म्याग्दीको प्रमुख पर्यटकीयस्थल हो ।

# मुस्ताङ भन्सारबाट छ अर्ब ६६ करोड बढी राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ जेठ

यहाँको उपल्लो मुस्ताङस्थित लोमान्थाङ-१ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले पछिल्लो जेठ १६ गतेसम्म रु छ अर्ब ६६ करोड २६ लाख राजस्व सङ्कलन गरेको छ । गत ३१ भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको (नेपाल-चीन) उत्तरी कोरलानाकाबाट गत भदौदेखि यता निकासी तथा पैठारीबापत उक्त परिमाणमा भन्सार राजस्व सङ्कलन भएको हो ।

नेपाल-चीन उत्तरी कोरला नाका हुँदै चीनबाट नेपाल पैठारी गरिएका मालवस्तुबाट रु १३ अर्ब ८७ करोड ७८ लाख भन्सार राजस्व सङ्कलन भएको भन्सार प्रमुख विदुर चुँडालले जानकारी दिनुभयो । उहाँका अनुसार चीनबाट कोरला नाका हुँदै नेपाल पैठारी गरिएका विद्युतीय सवारी (इभी) गाडीलगायत चाडपर्व लक्षित लत्ताकपडा, कस्मेटिक सामान, इलेक्ट्रोनिक सामानलगायत सामानको पैठारीबापत उक्त भन्सार राजस्व सङ्कलन भएको भन्सार प्रमुख चुँडालले उल्लेख गर्नुभयो ।

यसैगरी, नेपालबाट कोरला नाका हुँदै चीनतर्फ निकासी गरिएका मालवस्तुबाट रु २० करोड ५५ लाख ७४ हजार भन्सार राजस्व सङ्कलन भएको प्रमुख चूँडालको भनाइ छ । नेपालबाट हस्तकलाका सामान र नेपाली उत्पादनलगायत सामग्री चीनतर्फ निकासी भएको हो ।
नेपाल-चीन उत्तरी कोरला नाकाबाट गत भदौदेखि १६ जेठसम्म दुई हजार ९९७ वटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ।

चीनबाट कोरला नाका हुँदै भन्सार जाँचपास भई नेपाल भित्रिएका विद्युतीय सवारी (इभी) गाडीको पैठारीबापत रु छ अर्ब ७६ करोड दुई लाख भन्सार राजस्व सङ्कलन भएको हो । पछिल्लो समय गत जेठको दोस्रो साता चीनबाट कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय सवार ीसाधनको पैठारी प्रक्रिया विवादमा परेको छ । कोरला नाकाबाट नेपाल भित्रिएका ६४९ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भइसकेको जनाइ पनि सरकारले यसलाई अनुसन्धानको घेरामा तानेको हो । सरकारले कोरला नाकाबाट भित्रिएका विद्युतीय सवार ीसाधनको पैठारी प्रक्रियामा कैफियत रहे/नरहेको यकीन गर्न तीन सदस्यीय छानविन समिति गठन गरेको छ । उक्त समितिले कास्कीको हेमजा, पर्वतको कुश्मा, मुस्ताङको जोमसोम र कोरला नाकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको विद्युतीय सवारीसाधनको अनुगमन गर्ने कार्यसम्पन्न गरिसकेको छ ।

# बिमाले तोकेको भन्दा औषधिको बजार मूल्यमा ठूलो अन्तर

**रासस**
चितवन, २६ जेठ

ग्यास्टिक हुँदा खाने प्यान्टाप्राजोल औषधि बजारमा प्रतिट्याबलेट आठ रुपियाँमा पाइन्छ। त्यही औषधि भरतपुर अस्पतालले रु १.१२ मा बिक्री गर्छ सोही औषधि स्वास्थ्य बिमा बोर्डले रु १.५६ मा बिक्री मूल्य तोकेको छ। सरसर्ती हेर्दा औषधि उत्पादकबाट उपभोक्तासम्म आइपुग्दाका बीचमा नाफा कति होला !

भरतपुर अस्पतालले बोलपत्रबाट खरिद गर्दाको मूल्यमा २० प्रतिशत नाफा थप गरेर बिक्री गर्दा यो मूल्य आएको हो । यसरी हेर्दा भरतपुर अस्पतालले खरिद गरेको मूल्य र औषधिको एमआरपी (खुद्रा मूल्य) हेर्दा आठ गुणभन्दा बढी फरक परेको छ । उक्त औषधि मात्रै होइन, प्रोस्टेटका बिरामीले प्रयोग गर्ने सिलोडोसिन ८ एमजीको बजार मूल्य रु ३५ प्रतिट्याबलेट पर्ने औषधि स्वास्थ्य बिमाले रु सात तोकेको छ । अस्पतालले बिमाबाहेककालाई रु ७.१५ मा कोलेस्ट्रोलका लागि प्रयोग हुने रोजोभास्टिन २० एमजीको खुद्रा मूल्य रु ३८ छ भने स्वास्थ्य बिमाले रु ३.३८ र भरतपुर अस्पतालले त्यही औषधि रु १.७२ मा कलेजोका औषधि युविलिक ३०० एमजी बजार मूल्य रु ४० छ भने स्वास्थ्य बिमाले रु ४.०५ र भरतपुर अस्पतालले ११.२६ मा बिक्री गर्छ। दम हुँदा तान्ने सेरिडिल २५० को रोटा क्यापको बजार मूल्य प्रतिबट्टा रु ६०८ छ भने स्वास्थ्य बिमाको रु ३२३.४० र भरतपुर अस्पतालको ३७७.९० रहेको छ । मधुमेहका बिरामीले खाने इन्फाग्लिप्टिन २५ एमजीको बजार मूल्य रु ३०, स्वास्थ्य बिमाको रु.१०.५० र भरतपुर अस्पतालको १६.९५ छ । अर्का भिटामिन बि १२ का लागि प्रयोग हुने मिथायल कोवालामिन १५०० एमजीको बजार मूल्य रु १९.८०, स्वास्थ्य बिमा बोर्डले रु २.७० र भरतपुर अस्पतालले रु १०.५३ मा बिक्री गर्दै आएको छ । भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा विश्ववन्धु बगाले बिमाको दररेटमा कतिपय औषधि बिक्री गर्न कठिन हुने बताउनुहुन्छ । बोलपत्रमार्फत खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा जोडेर हुने मूल्य वा बिमाले तोकेको मूल्य जुन सस्तो छ बिमाका बिरामीका लागि सोही आधारमा औषधि बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

# जनता रिसाए भन्ने चिन्ता गरौँ : सभापति थापा

**पोखरापत्र संवाददाता**
गोरखा, २६ जेठ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेता रिसाए भनेरभन्दा पनि जनता रिसाए भनेर चिन्ता गर्न पार्टी पंक्तिलाई आग्रह गर्नुभएको छ ।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति गोरखाले आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले केन्द्रको चिन्ता नगरी जिल्लाका जनताको चिन्ता गर्न सुझाव दिनुभयो । पार्टीको साधारण सदस्यको महत्त्व ठूलो भएकाले त्यसको कदर र संरक्षण गर्नु सबैको जिम्मेवारी भएको उनको तर्क थियो ।

"फलानो नेता रिसाए कि, ढिस्कानो नेता रिसाए कि भनेर चिन्ता गर्न छाड्नुस् । पार्टीको चुनाव चिह्नमा भोट हाल्ने जनता किन रिसाए भनेर चिन्ता गर्नुस्", उहाँले भन्नुभयो, "माथि, केन्द्र म मिलाउँछु । तल, जिल्ला तपाईंहरू मिलाउनुस् ।" जनता रिसाएर यसपटकको चुनावमा नतिजा बिग्रिएको भन्दै उहाँले जनता सम्हाल्न आग्रह गर्नुभयो ।

उहाँले २०८४ को चुनावमा उम्मेदवार माथिबाट नभइ तल्लो तहबाट छान्ने परिपाटीको विकास गर्ने बताउनुभयो । "अँध्यारो कोठामा बसेर यो हाम्रो मान्छे, त्यो फलानोको मान्छे भन्ने दिन गऱ्यो", उहाँले भन्नुभयो, "अब गोरखा नगरपालिकाको मेयरको टिकट कसलाई दिने भन्ने निर्धारण गोरखा नगरपालिकाकै पार्टीले गर्नेछ ।

अब तल्लो तहको पार्टी सदस्यको अभिमतलाई संस्थागत गर्न चाहन्छौँ । पार्टी सदस्यको शक्तिलाई कदर गर्न चाहन्छु ।"

# तनहुँका स्थानीय तहमा मगर भाषा पठनपाठन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

यहाँका १० वटै पालिकामा मगर भाषाको पठनपाठन गरिने भएको छ । मगर भाषा, लिपि, संस्कृति तथा पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण तथा शिक्षक प्रशिक्षण गरिएको छ ।

नेपाल मगर सङ्घ तनहुँका अध्यक्ष हर्कबहादुर थापा मगरले जिल्लाका १० वटै पालिकाको सहभागितामा जिल्लास्तरीय प्राज्ञिक परिषद् गठन गरी मगर भाषाको स्थानीय पाठ्यक्रम तयार गरिएको बताउनुभयो ।

उहाँका अनुसार पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षकलाई प्रशिक्षणसमेत प्रदान गरिसकिएकाले आगामी दिनमा पालिकासँग समन्वय गरेर विद्यालयमा पठनपाठन विस्तार गरिनेछ। अध्यक्ष मगरले भन्नुभयो, "मातृभाषा शिक्षाले समुदायको भाषा, संस्कृति, इतिहास र मौलिक पहिचान जोगाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । स्थानीय सरकारको सहयोगमा जिल्लाभर अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ", उहाँले भन्नुभयो । सङ्का भाषिक उपाध्यक्ष हर्क आलेले भाषा बाँचे मात्र जातिको अस्तित्व रहने भएकाले विद्यालय तहदेखि नै यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । सङ्घका गण्डकी प्रदेश सचिव नन्दु थापा मगरले मातृभाषा शिक्षाका लागि प्रदेशस्तरबाट पनि आवश्यक नीतिगत पैरवी भइरहेको बताउनुभयो । मगर भाषा र संस्कृतिका विज्ञ यमबहादुर आलेले भाषिक शुद्धता र मौलिक लिपिको संरक्षणमा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो । व्यास नगरपालिका-१४ स्थित केशवटार माध्यमिक विद्यालयमा दुई वर्षअघि कक्षा १ बाट सुरु गरिएको मगर भाषाको पठनपाठन हाल कक्षा ३ सम्म विस्तार भइसकेको छ । उक्त अभ्यासलाई जिल्लाका अन्य विद्यालयमा विस्तार गर्ने लक्ष्यका साथ पाठ्यक्रम निर्माण र शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको सङ्घले जनाएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार तनहुँमा मगर समुदायको जनसङ्ख्या ८३ हजार ६१३ रहेको छ ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय र**
**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**
**एकीकृत सेवा कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८३/०२/२६

यस कार्यालयबाट मिति २०७८/०४/२० कास्की जिल्ला पोखरा ११, कास्कीमा संचालन गर्ने गरि दर्ता भएको फर्म दर्ता नं. २०५५६/०७८/०७९ को टुइन्स एग्रो तथा पशुपंक्षी फर्म नामक फर्म बन्द गरी पाउँ भनी प्रोप्राईटर श्री रुपनी गुरुङ स्वंयम् उपस्थित भई मिति २०८३/०२/२६ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**एकीकृत सेवा कार्यालय,**
**कास्की**

## शिक्षक आवश्यकता

अन्नपूर्ण गा.पा. कास्कीको मिति २०८३/०२/२६ गतेको च.नं. १६०० पत्रअनुसार यस श्री उमा माध्यमिक विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह अंग्रेजी विषयको करार शिक्षक पदमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**
विज्ञापन नं.: ०१/०८२/०८३
पदः शिक्षक संख्याः १ जना
तहः नि.मा.वि. (अंग्रेजी)
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
योग्यताः अंग्रेजी मुल विषय लिई १०+२ उत्तीर्ण (माथिल्लो योग्यता भएकालाई प्रथामिकता दिईनेछ ।)
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८३/०३/०९ गते ४ बजेसम्म
परीक्षा मितिः फोनबाट जानकारी गराइने ।
दरखास्त दस्तुरः रु १०००।- (एक हजार मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः अन्नपूर्ण गाउँपालिकाको कार्यालय
परीक्षा दस्तुर श्री उमा माध्यमिक विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं. A641052462252401 मा जम्मा गर्न सकिने छ ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**
**सम्पर्क नं.: ९८४६४६८२१७ प्र.अ., ९७४८७६९२४३ लेखा**
Email: umasecondaryschool26@gmail.com

# तनहुँका स्थानीय तहलाई सङ्घीय सरकारबाट चार अर्ब अनुदान

पोखरापत्र संवाददाता
दमौली, २६ जेठ

स्थानीय तहले आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारबाट रु चार अर्बभन्दा बढी अनुदान पाउने भएका छन् । जिल्लास्थित १० स्थानीय तहका लागि अर्थ मन्त्रालयले रु चार अर्ब ५६ करोड ४७ लाख विनियोजन गरेको हो ।

सबैभन्दा बढी व्यास नगरपालिकाले र सबैभन्दा कम घिरिङ गाउँपालिकालाई बजेट विनियोजन गरिएको छ ।

व्यास नगरपालिकालाई रु ९४ करोड ३० लाख विनियोजन गरिएको छ । व्यास नगरपालिकाले समानीकरण अनुदानतर्फ रु १८ करोड ६० लाख, सशर्त अनुदानतर्फ रु ७५ करोड २० लाख र समपूरक अनुदानतर्फ रु ५० लाख बजेट पाउनेछ ।

भानु नगरपालिकालाई रु ५९ करोड ६८ लाख विनियोजन गरिएको छ । भानुले समानीकरण अनुदानतर्फ रु १३ करोड ८७ लाख, सशर्त अनुदानतर्फ रु ४४ करोड ४१ लाख, विशेष अनुदानतर्फ एक करोड र समपुरक अनुदानतर्फ रु ४० लाख पाउनेछ ।

भिमाद नगरपालिकालाई रु ४५ करोड ६९ लाख विनियोजन गरिएको छ । भिमादले समानीकरण अनुदानतर्फ रु ११ करोड १४ लाख, सशर्त अनुदानतर्फ रु ३० करोड ७३ लाख, विशेष अनुदानतर्फ रु एक करोड ६७ लाख र समपुरक अनुदानतर्फ रु दुई करोड १५ लाख पाउनेछ ।

शुक्लागण्डकी नगरपालिकालाई रु ६३ करोड ७८ लाख विनियोजन गरिएको छ । शुक्लागण्डकीले समानीकरण अनुदानतर्फ रु १४ करोड ६० लाख, सशर्त अनुदानतर्फ रु ४६ करोड ४३ लाख, विशेष अनुदानतर्फ रु एक करोड ४० लाख र समपूरक अनुदानतर्फ रु एक करोड ३५ लाख पाउनेछ ।

आँबुखैरेनी गाउँपालिकालाई रु ३१ करोड ४१ लाख विनियोजन गरिएको छ । आँबुखैरेनीले समानीकरण अनुदानतर्फ रु नौ करोड ६७ लाख, सशर्त अनुदानतर्फ रु १७ करोड ३६ लाख, विशेष अनुदानतर्फ रु एक करोड ८० लाख र समपूरक अनुदानतर्फ रु दुई करोड ५८ लाख पाउनेछ । ऋषिङ गाउँपालिकालाई रु ३६ करोड ५९ लाख विनियोजन गरिएको छ । ऋषिङले समानीकरण अनुदानतर्फ रु १० करोड ३७ लाख, सशर्त अनुदानतर्फ रु २४ करोड ६१ लाख, विशेष अनुदानतर्फ रु ७६ लाख र समपूरक अनुदानतर्फ रु ८५ लाख पाउनेछ । घिरिङ गाउँपालिकालाई रु २८ करोड २९ लाख विनियोजन गरिएको छ । घिरिङले समानीकरण अनुदानतर्फ रु आठ करोड ७८ लाख, सशर्त अनुदानतर्फ रु १८ करोड ८१ लाख र समपूरक अनुदानतर्फ रु ७० लाख पाउनेछ । देवघाट गाउँपालिकालाई रु ३३ करोड ७० लाख विनियोजन गरिएको छ । देवघाटले समानीकरण अनुदानतर्फ रु आठ करोड ३२ लाख, सशर्त अनुदानतर्फ रु २३ करोड ८२ लाख, विशेष अनुदानतर्फ रु ८६ लाख र समपूरक अनुदानतर्फ रु ७० लाख पाउनेछ । म्याग्दे गाउँपालिकालाई रु ३० करोड ६५ लाख विनियोजन गरिएको छ । म्याग्देले समानीकरण अनुदानतर्फ रु नौ करोड ९२ लाख, सशर्त अनुदानतर्फ रु १८ करोड ६३ लाख, विशेष अनुदानतर्फ रु एक करोड ४० लाख र समपूरक अनुदानतर्फ रु ७० लाख पाउनेछ । बन्दीपुर गाउँपालिकालाई रु ३२ करोड ६८ लाख विनियोजन गरिएको छ । बन्दीपुरले समानीकरण अनुदानतर्फ रु नौ करोड छ लाख, सशर्त अनुदानतर्फ रु २० करोड सात लाख, विशेष अनुदानतर्फ रु एक करोड ५० लाख र समपूरक अनुदानतर्फ रु एक करोड ७५ लाख पाउनेछ ।

# आहा ! श्रीमञ्ज्याङ लामागाउँ

वासुदेव पौडेल र ऋषिराम बराल
लमजुङ, २६ जेठ/रासस



लमजुङको दोर्दी गाउँपालिका-३ स्थित श्रीमञ्ज्याङ लामागाउँ प्रकृति, संस्कृतिसँगै धार्मिक आस्था र विश्वासको अनुपम सङ्गमजस्तै बनेको छ ।

परम्परागत रुपमा सजिएका गाउँको प्राचीन मौलिकता झल्काउने किसिमका घरसँगै सफा चोक तथा बाटाहरू ढुङ्गाले छपक्क छापिएका छन् । पर्यटकीय राजधानी पोखराबाट डुम्रे, मध्यनेपाल, भोर्लेटार, सुन्दबजार, भोटे ओढार हुँदै बेलघारी पुल तरेर लामाबगर, थापा खेत हुँदै आइपुगिने यो गाउँ पोखराबाट करिब चार घण्टामा पुग्न सकिन्छ । विशेषतः बौद्ध धर्मावलम्बीहरूका दुईवटा गुम्बासँगै चारवटा छोर्तेनले यहाँको महिमा र गरिमालाई अझै उँचो बनाएको म्हाँजा नासो तमु समाजका अध्यक्ष इन्द्रजित गुरुङले बताउनुभयो । गाउँको प्राकृतिक सुन्दरतासँगै यहाँको ऐतिहासिक एवं धार्मिक महत्वलाई पर्यटनसँग जोड्का लागि पछिल्लो समयमा आफूहरूले पहल थालेको उहाँले बताउनुभयो । गाउँ पर्यटनका माध्यमबाट समृद्धि खोज्नकै लागि यहाँका १२ वटा घरमा घरबास समेत सञ्चालन भैरहेको उहाँले जानकारी दिनुभयो । "हामीले २०७६ सालमा पहिलोपटक गाउँमा सातवटा घरबाट घरबास सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "हाल यहाँका १२ वटा घरमा घरबास सञ्चालन भइरहेको छ । पर्यटकको आगमन पनि विस्तारै बढ्दै गएको छ ।"

पर्यटकको आगमन भएका अवस्थामा हरेक दिन ६० जनासम्म पर्यटक राख्न सकिने उहाँले जानकारी दिनुभयो । पर्यटकीय रुपमा धेरै सम्भावना भएर पनि ओझेलमा परिरहेको यस गाउँको पर्यटकीय विकासका माध्यमबाट पर्यटकहरू भित्र्याउने लक्ष्य राखिएको दोर्दी गाउँपालिका-३ का वडाध्यक्ष कृष्णबहादुर गुरुङले बताउनुभयो। गाउँमा आइपुग्नका लागि प्रमुख समस्याका रुपमा बाटो भएको बताउँदै उहाँले यहाँको लामा बगरदेखि थापाखेत, लक्ष्मी माबि हुँदै लामागाउँसम्मको आठ किलोमिटर बाटो तत्काल बनाउनुपर्ने देखिएको बताउनुभयो । हाडीखोलाबाट लामा बगर हुँदै गाउँपालिकाको कार्यालयसम्म आउने बाटो कालोपत्रे हुने क्रममा रहेको उहाँले बताउनुभयो । यस गाउँलाई अन्नपूर्ण चक्रीय पदमार्गसँगै मनास्लु पदमार्गसँग जोड्न सकिने ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो । गाउँको पर्यटकीय सम्भावनालाई उजागर गर्नकै लागि यस वर्षको ७६ औँ अन्नपूर्ण आरोहण दिवस यही गाउँमा मनाइएको उहाँले बताउनुभयो । विभिन्न कारणले पदमार्गहरू हराइरहेका अवस्थामा सरकारले अघि सारेको दोर्दी पदमार्ग उपयुक्त विकल्प हुनसक्ने बताउँदै उहाँले यस पदमार्गलाई 'क्याम्पिङ ट्रेल'का रुपमा पनि विकास गर्न सकिने धारणा राख्नुभयो । पछिल्ला समयमा नौथर सेराबाट श्रीमञ्ज्याङ, जोर्ने, इलमपोखरी, लिपेलेक र दाम्राङ हुँदै पुनः नौथर सेरा पुग्ने पाँचदिने पदमार्ग दोर्दी गाउँपालिकाको सहयोगमा टान गण्डकी प्रदेशले प्रवर्द्धन अघि बढाएको छ ।

त्यस्तै लिपेलेकबाट दाम्राङ, नोटाचे, उखण्ड, मेमेपोखरी, कोप्रोडाँडा र बाह्रपोखरी हुँदै हिलेटक्सार पुग्ने १० दिने पदमार्ग तथा पिसहिल हुँदै भुलभुले निस्कने आठदिने पदमार्ग पनि पहिचान गरिएको उहाँले बताउनुभयो । यसैगरी गोरखाको बारपाक-सुलिकोट, अजिरकोट, दूधपोखरी, दोर्दी र दुलागी हुँदै लमजुङको घेर्मुसम्म जोडिने नयाँ पदमार्ग केन्द्रीय टानको सक्रियतामा पहिचान गरिएको छ । सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मौरिस हर्जोग र लुई लासेनालले विश्वमै आठ हजार मिटरभन्दा अग्ला हिमालमध्येको अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेको दिनका रुपमा अन्नपूर्ण आरोहण दिवस मनाउने गरिन्छ । यस वर्ष विभिन्न कार्यक्रमका साथ यही गाउँमा अन्नपूर्ण आरोहण दिवस मनाइएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । अन्नपूर्ण प्रथमको सफल आरोहण गरेपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण भएका कारण अन्नपूर्ण हिमाललाई आरोहणको जेठो हिमालका रुपमा लिने गरिन्छ । धेरै पर्यटकीय सम्भावना भएर पनि उजागर हुन नसकेका अवस्थामा बसाईंसराइको चपेटामा परिरहेको यस गाउँमा पर्यटनका माध्यमबाट पुनः गाउँ भरिभराउ गराउने लक्ष्य राखिएको छ । गाउँको सिरानमा पर्यटकलाई लक्षित गरी भ्यु टावर निर्माण गरिएको मौलिकोट अर्गानिक एग्रो फर्मका व्यवस्थापक रञ्जित चौधरीले जानकारी दिनुभयो । श्रीमञ्ज्याङ लामागाउँमा आएका पर्यटक एग्रो फर्मअन्तर्गत रहेको चियाबारीमा पनि रमाउने गरेको उहाँले जानकारी दिनुभयो । करिब १४ रोपनी क्षेत्रफलमा सात वर्षयता चियाखेती सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो । लमजुङको बेँसीसहरबाट करिब दुई घण्टामा सवारीसाधनमार्फत यस गाउँमा आउने सकिने बताउँदै उहाँले पछिल्ला समयमा पर्यटक आउने गरेको बताउनुभयो । गाउँ आसपासमा रहेका मौलाकोट, भ्यूटावर, देवीस्थान मन्दिर, स्याङ्गे छ्योलिङ बौद्ध गुम्बा, आइलभ मन्जाङ, लवम छोर्तेन, पेबोङ छोर्तेन, रि छोर्तेन, फुर्ब सन्दुप ढोनाक छ्योलिङ गुम्बा, भ्याङ्सुक छोर्तेन आदिले गाउँको धार्मिक एवं सांस्कृतिक महत्वलाई थप उजागर गरेको वडाध्यक्ष गुरुङको भनाइ छ ।

गाउँ पर्यटनको विकासका माध्यमबाट पर्यटकको आगमन बढाउँदै आर्थिक समृद्धि हाँसिल गर्ने दीर्घकालीन लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

# भीमसेन थापा गाउँपालिकामा सामूहिक बिमा

पोखरापत्र संवाददाता
गोरखा, २६ जेठ

गोरखाको भीमसेन थापा गाउँपालिकाभित्रका सबै घरको सामूहिक बिमा गरिने भएको छ । पालिकाभित्र विसं २०७२ बैशाख १२ को विनाशकारी भूकम्पअघि बनेका पक्की घर तथा भूकम्पपछि पुनर्निर्माणको मापदण्ड पूरा गरेका सबै घरको बिमा गर्न लागिएको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो ।

गाउँपालिकाले पालिकाका सबै नागरिकको निजी आवास तथा अन्य सरकारी एवं गैरसरकारी भवनको जोखिम न्यूनीकरणका लागि बिमा गर्ने कार्यक्रम सुरुआत गरिएको उहाँले बताउनुभयो । घरको सामूहिक बिमा गर्न गाउँपालिका र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबीच सोमबार सम्झौतापत्रमा हस्ताक्षर भएको छ । "सम्झौतालगत्तै गाउँपालिकाको प्रशासकीय भवनको बीमा गरेर कार्यक्रमको औपचारिक सुरुआत भएको छ", अध्यक्ष बन्जराले भन्नुभयो, "अब पालिकाभित्रका सबै घर र सरकारी तथा गैरसरकारी भवनको बिमा गरिनेछ ।" सामूहिक बिमा गरेका घरहरूमा कुनै पनि प्राकृतिक विपत्ति, आगलागी तथा अन्य जोखिमका कारण क्षति भएमा बिमामार्फत क्षतिपूर्ति रकम भुक्तानी हुनेछ । घर बिमाका लागि पालिकावासीले वडा कार्यालयमार्फत बिमा सेवा लिनसक्ने व्यवस्था गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीले जानकारी दिनुभयो ।

पालिका र बिमा कम्पनीबीच भएको सम्झौतामा बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर निर्माण गरिएका घर, भूकम्पपछि मापदण्डअनुसार पुनर्निर्माण गरिएका घरलाई बिमाको दायरामा समेटिने उहाँले बताउनुभयो । तर बुढीगण्डकी जलविद्युत् आयोजना प्रभावित क्षेत्रका घर तथा खोलानाला, सडक मापदण्डभित्र पर्ने संरचना र पूर्ण रूपमा काठ, टिन र माटोले बनेका घर भने बिमाको मापदण्डभित्र पर्ने उल्लेख छ। गाउँपालिकाले प्रतिघर न्यूनतम वार्षिक २५० रुपैयाँ सम्पत्ति कर लिने र सोहीबाट बिमाका रकमको व्यवस्थापन गर्ने योजना बनाएको प्रसासकीय अधिकृत अधिकारीले बताउनुभयो । "अहिलेसम्म करिब तीन हजार ५०० घरको बिमा हुन्छ भन्ने अनुमान गरिएको छ, बिमापछि प्राकृतिक विपत्तिबाट कुनै घरमा क्षति पुगे अधिकतम रु चार लाखसम्म क्षतिपूर्ति पाउनेछन्", उहाँले भन्नुभयो । उहाँका अनुसार बिमा कम्पनीले घरधनीका नाममा बिमा अभिलेख जारी गर्ने र क्षतिपूर्तिका लागि क्षति पुगेको ३० दिनभित्र बिमा कम्पनीलाई जानकारी गराउनुपर्ने सम्झौता उल्लेख गरिएको छ ।


## सवारी साधन खरीद सम्बन्धी शिलबन्दी आव्हान

दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/२६ गते

श्रीमहेन्द्रमाध्यमिकविद्यालय,पोखरा-२०भलामकास्कीमासवारीसाधनको आवश्यकता भई खरीद गर्नुपर्ने भएकाले मिति २०८३/०२/१९ गते प्रथम पटक कोटेशन आव्हान गरिएकोमा पर्याप्त कोटेसनहरु नआएको हुँदा पुनः दोस्रो पटक सूचना प्रकाशन गरी कोटेशन आव्हान गरिएको जानकारी गराउँदै तपाईंको प्रतिष्ठित कम्पनीबाट निम्न विवरण अनुसारको सवारी साधनको कोटेशन (मूल्य प्रस्ताव) उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**आवश्यक सवारी साधनको विवरण**

सवारी साधनको प्रकार : टाटा विङ्गर कम्पनी वा अन्य कुनै (सेकेण्ड हेण्ड)
सिट क्षमता : १४ देखि १८ सिटसम्मको हुनुपर्ने छ ।
इन्जिन क्षमता (CC) : १८०० देखि २२०० सम्म
इन्धन प्रकार : डिजेल
मोडेल वर्ष : २०१४ देखि २०२५ सम्म
अन्य आवश्यक विशेषताहरु : गाडी खरिद गर्दा न्यूनतम मूल्यलाई मात्र आधार नबनाई मोडेल र गाडीको अवस्थाको समेत विचार गरी खरिद गरिने छ ।

**कोटेशनमा समावेश गर्नुपर्ने विवरण :**

१. सवारी साधनको कुल मूल्य (करसहित/कर बाहेक स्पष्ट उल्लेख)
२. भ्याट तथा अन्य कर विवरण
३. वारेन्टी अवधि र सेवा सुविधा
४. डेलिभरी समय  ५. भुक्तानी शर्त
६. नागरिकताको प्रतिलिपि  ७. विलबुकको प्रतिलिपि
८. नवीकरणको विवरण
९. प्रष्ट देखिने सवारी साधानको फोटो
१०. अन्य सुविधा (यदि कुनै भएमा)

**कोटेशन पेश गर्नुपर्ने मिति:** २०८३/०३/०१ गते ठीक ४:०० बजेभित्र विद्यालयमा बुझाइ दिनुहुन अनुरोध गरिन्छ ।
**कोटेशन खोलिने मिति:** २०८३/०३/०२ गते बिहान ९:०० बजे
**थप जानकारीका लागि सम्पर्क नं.:**
९८४६०६६३०१, ९८५६०३३१६१, ९८४६६०३११०

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की**


# एकसय ८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २६ जेठ



म्याग्दीमा १८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना निर्माण सुरु भएको छ ।

कालीगण्डकी गर्ज हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको आयोजनाले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ भालेबासमा सोमबारदेखि विस्फोटक पदार्थको प्रयोग गरि सुरुङ निर्माण थालेको हो ।

आयोजना निर्देशक रमण सिंहले आगामी चार वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाले छिट्टै बाँध, गाडपार र घरापमा प्रस्तावित विद्युतगृह निर्माणस्थलबाट गरि चार ठाउँबाट सुरुङ निर्माणको तयारी गरेको जानकारी दिनुभयो ।

"पाँच किलोमिटर ६०० मिटर लामो सुरुङ निर्माण हुनेछ", उहाँले भन्नुभयो, "विद्युतगृह र बाँध निर्माणस्थलमा सिभिल ठेकेदार साउथ एसियन इन्फ्रास्ट्रक्चर परिचालित भइसकेको छ ।"

मुस्ताङको थासाङ गाउँपालिका-४ घाँसामाको पहिरा थाप्लामा बाँध र म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ घरापमा विद्युतगृह निर्माणको तयारी भएको आयोजना प्रमुख सिंहले बताउनुभयो । 'रन अफ द रिभर' प्रकृतिको यस आयोजनाको एक किलोमिटर 'पेनस्टक' पाइपलाइन रहनेछ । विद्युतगृहदेखि 'आउटलेट'को उचाइ ४८० मिटर रहेको छ । प्रवर्द्धक कम्पनी, ठेकेदार र नेपाली सेनाको कार्यालय, आवास र विस्फोटक पदार्थ भण्डारण भवन तयार हुने अन्तिम चरणमा पुगेको छ । आठ किलोमिटर पहुँचमार्ग निर्माण भएको छ । आयोजना स्थलमा पुग्न गाडपारमा बेलिब्रिज जडानको तयारी भएको छ । घरापदेखि दानासम्म २२० केभी क्षमताको एक किलोमिटर प्रसारण लाइन निर्माण गरेर कालीगण्डकी गर्जको विद्युत केन्द्रीय प्रणालीमा आबद्ध गराइने भएको छ ।

रु ४० अर्ब लागत अनुमान गरिएको आयोजनामा ग्लोबल आइएमी बैंकको नेतृत्वमा लक्ष्मी सनराइज, हिमालयन र प्रभु बैंकको लगानी रहने आयोजनाका वरिष्ठ प्रबन्धक कृष्णदास श्रेष्ठले बताउनुभयो । प्रभावित क्षेत्रका बासिन्दालाई १० प्रतिशत सेयर लगानीको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीलगायत जनप्रतिनिधि, स्थानीय अगुवा, प्रवर्द्धक कम्पनी, निर्माण कम्पनी, सुरक्षा निकायका प्रतिनिधिको उपस्थितिमा धार्मिक विधिपूर्वक पूजाआजा गरेर आयोजना निर्माणको शुभारम्भ गरिएको थियो । वडाध्यक्ष फगामीले कालीगण्डकी गर्ज म्याग्दी जिल्लाको हालसम्मकै ठूलो जलविद्युत् आयोजना भएको बताउनुभयो । उहाँका अनुसार नारच्याङ भएर बग्ने नदीहरूमा १६२ मेगावाट क्षमताका पाँच वटा जलविद्युत् आयोजना निर्माण भएका छन् । पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि-१ ७१ मेगावाट क्षमताको नीलगिरि-२ र छ मेगावाट क्षमताको रेलखोला जलविद्युत् आयोजना निर्माण सञ्चालनमा आइसकेका छन् ।

नारच्याङको सिमाना भएर बग्ने कालीगण्डकीमा ६६ दशमलव तीन मेगावाट क्षमताको मध्यकालीगण्डकी जलविद्युत् आयोजना निर्माणाधीन छ । नौ दशमलव १४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत् आयोजना निर्माण सुरु गर्ने तयारी गरेको छ ।

# नियमविपरीत निर्माण गरिएका संरचना हटाउन आग्रह

पोखरापत्र संवाददाता
तनहुँ, २६ जेठ

यहाँको व्यास नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गामा नियमविपरीत निर्माण गरिएका संरचना हटाउन नगरपालिकाले सबैमा आग्रह गरेको छ ।

नगरपालिकाले सोमबार सूचना प्रकाशित गरी सडक अधिकार क्षेत्र तथा सडकपेटी अवरुद्ध हुने गरी बनाइएका पक्की संरचना, बरन्डा तथा टिनका संरचना हटाउन आग्रह गरेको हो । नगर कार्यपालिकाको यही जेठ २२ गतेको २३८ औं बैठकको निर्णयअनुसार ३५ दिने सूचना जारी गरिएको इन्जिनियर अमृत केसीले जानकारी दिनुभयो ।

यस अवधिभित्र सार्वजनिक जग्गामा निर्माण गरिएका संरचना सम्बन्धित घरधनी आफैंले हटाएर सहयोग गरिदिन अनुरोध गरिएको उहाँले बताउनुभयो । समय सीमाभित्र संरचना नहटाए प्रचलित कानुनबमोजिम नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी त्यस्ता संरचना हटाउने सूचनामा उल्लेख छ ।

इन्जिनियर केसीले भन्नुभयो, "सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्नु सबै नगरवासीको कर्तव्य हो । त्यसैले त्यस्ता संरचना हटाउन सम्बन्धित घरधनी तथा सरोकार भएकाहरूलाई आग्रह गरिएको छ ।"